**आकाशवाणी समाचार- नेपाली**

मितिः १ जुन २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- २५ औं 'फिट इन्डिया सन्डे अन साइकल' पहलको एक भागको रूपमा आज देशभरिका २,००० भन्दा बढी स्थानहरूमा विशेष तिरंगा र्यालीको आयोजना गरिएको छ।
- एनआईएले पकिस्तानको लागि जासुसी गरेको मुद्दामा हिजो ८ राज्यहरूको १५ भन्दा बढ़ी स्थानहरूमा छापामारी गरेको छ।
- कृषिमंत्री शिवराज सिंह चौहानले विकसित कृषि संकल्प अभियान किसानहरूलाई बहुमूल्य जानकारी प्रदान गर्ने जनआन्दोलन बताउनु भएको छ।
- आज विश्व दुध दिवस पालन गरिन्दैछ।
- नाईजेरियामा आएको बाढ़ीमा मर्नेहरूको संख्या १५१ पुगेको छ।
- अमेरिकी रक्षामंत्रीले चीनले विस्तारवादी नीति अपनाएको तथा ताइवानमाथि हमला गर्ने तयारी गरिरहेको आरोप लगाएका छन्।

**फिट इन्डिया**

२५ औं 'फिट इन्डिया सन्डे अन साइकल' पहलको एक भागको रूपमा आज देशभरिका २,००० भन्दा बढी स्थानहरूमा विशेष तिरंगा र्यालीको आयोजना गरिएको छ। युवा मामिला तथा खेलकुद मन्त्री मनसुख माण्डवियाले प्रतिनिधिमण्डलको नेतृत्व गर्नेछन्। ओलम्पिक पदक विजेता योगेश्वर दत्त, अन्तर्राष्ट्रिय कुस्ती खेलाडी सरिता मोर, बलिउड अभिनेत्री शर्वरी र पूर्व क्रिकेटर सबा करिम पनि कार्यक्रममा सहभागी हुनेछन् । युवा मामिला तथा खेलकुद मन्त्रालयले आजको कार्यक्रम फिटनेसमा साइकलको भूमिकाको सन्देशसहित सशस्त्र बलप्रतिको सामूहिक श्रद्धाञ्जलि पनि भएको जनाइएको छ । यस अभियानलाई सानिया मिर्जा, मिलिन्द सोमन, इमरान हाशमी, जोन अब्राहम, इम्तियाज अली र शंकर महादेवनको पनि समर्थन प्राप्त भएको छ ।

**सर्वदलीय प्रतिनिधिमण्डल**

आतंकवादलाई निर्मुल पार्नु विश्वकै लागि आज अनिवार्य भएको तथा पाकिस्तान आतंकवादको कारखाना रहेको कुरालाई विश्वमा प्रष्ट पार्न भारतले पठाएको सातवटा सर्वदलीय समूहहरूले विभिन्न देशहरूमा ठोस रूपमा प्रमाणहरू सहित विषय राखि रहेका छन्। NCP-SCP सांसद Supriya Sule को अगुवाईमा रहेको सर्वदलीय प्रतिनिधिहरूले इथियोपियाको भ्रमण गरेका छन् तथा त्यहाँका सांसदहरू, गणमान्य व्यक्तिहरू, अफ्रीकी संघ आयोगसित ठोस रूपमा प्रमाणहरूका साथ पाकिस्तनलाई उदांगो पार्दै विषयहरू राखेका छन्। अपरेशन सिन्दुरमा केवल र केवल आतंकवादी र उनीहरूको पूर्वाधारलाई नै सठिक रूपमा लक्ष्य गरि हमला गरिएको तर खुंकार आतंकीहरूको मलामीमा पाक्स्तान सरकारका शीर्ष नेता र अधिकारीहरू अनि सैन्य अधिकारीहरू सामेल भएको अनि पाकिस्तानको राष्ट्रीय झण्डामा बेरेर आतंकवादीहरूको अन्त्येष्ठी गरिएको कुरालाई प्रमाण सहित राखेका छन्। पाकिस्नीमा आतंकी ठेकानहरूलाई लक्ष्य बनाउँदा पाकिस्नीको सेनाले बारतमाथि हमला गर्ने प्रयास गरे पछि मुखतोड़ जवाफ दीइएको कुरा पनि स्पष्ट पारेको छन्।

आतंकवाद विरूद्धको भारतको कारवाहीको इथियोपियाले समर्थन जनाएको छ तथा आतंकवाद विरूद्ध उसको शुन्य सहिष्तालाई पनि स्पष्ट गरेको छ। इथियोपियामा रहेका भारतीय समुदायसितको कुराकानीमा, NCP-SCP सांसद Supriya Sule ले भन्नु भयो – राष्ट्रलाई सर्वोच्च प्राथमिकता दिइएको छ त्यपछि मात्र राज्य र पार्टी आउँद छ।

BYTE-SUPRIYA SULE

https://x.com/ANI/status/1928929385391992973

अर्को सर्वदलीय टीम भाजपा सांसद रविशंकर प्रसादको नेतृत्वमा लण्डन पूगेको छ। फ्रान्स, इटली र डेनमार्को भ्रमण सकेर यो दल ब्रिटेन पुगेको छ

BYTE- RAVI SHANKAR PRASAD

https://x.com/ANI/status/1928918539983032765

भाजपा नेत्री Baijayant Panda को अगुवाईमा रहेको अर्को प्रतिनिधि दल अहिले अल्जेरियाको भ्रमण गरि रहेको छ। डीएमके सांसद Kanimozhi Karunanidhi क अगुवाईमा रहेको एक अर्को प्रतिनिधि दल अहिले स्पेन पुगेको छ।

## विशेष फीचर - परमवीर चक्र

ऑपरेशन सिंदूरको सफलता बीच, राष्ट्रले भारतीय सैनिकहरुको वीरतालाई नमन गर्दछ। सशस्त्र बलहरुको शौर्यको स्मृतिमा , आकाशवाणी समाचार ले एक विशेष श्रृंखला प्रसारण गरिरहेको छ। आजको यस शृंखलामा,हामी परमवीर चक्रद्वारा सम्मानित लांस नायक करम सिंहलाई स्मरण गरिरहेका छौ जसले 1947-48 को भारत-पाकिस्तान युद्धमा असाधारण बहादुरीको परिचय दिएका थिए।

## शिवराज-अभियान

कृषि एवं किसान कल्याण मंत्री शिवराज सिंह चौहानले भन्नु भएको छ विकसित कृषि संकल्प अभियान किसानहरुलाई बहुमूल्य जानकारी प्रदान गर्ने एक जन-आंदोलन हो। श्री चौहानले कयौ राज्यहरुको विधायकहरुसित वर्चुअल संवाद गर्नु हुदै बताउनु भयो यस अभियान अन्तर्गत किसानहरुसित चर्चा गरिनेछ र उनीहरुको प्रश्नहरुको समाधान गरिनेछ। यसको उद्देश्य लागत घटाउन, उत्पादन बढ़ाउन र खेतीलाई लाभदायक बनाउन हो। श्री चौहानले भन्नु भयो 'एक राष्ट्र, एक कृषि, एक टीम' को मूल मंत्र भारतलाई 2047 सम्म विकसित बनाउनमा सहायक हुनेछ।श्री चौहानले भन्नु भयो अहिले सम्म 2 हजार 170 टीमहरुले 7 हजार भन्दा अधिक गांवहरुको भ्रमण गरिसकेका छन् जुन अभियानसित लगभग 7 लाख 95 हजार किसान जुडी सकेका छन् ।

## विश्व दूध दिवस

विश्वव्यापी खाद्य पदार्थ र लाखौं मानिसहरूको जीविकोपार्जनको प्रमुख स्रोतको रूपमा दूधको महत्त्वलाई उजागर गर्न आज विश्व दूध दिवस मनाइँदैछ। विश्वव्यापी रूपमा, दूध उत्पादन प्रति वर्ष २% को दरले स्थिर रूपमा बढिरहेको छ, तर भारत ५.७% को उल्लेखनीय वार्षिक वृद्धि दरको साथ उभिएको छ, जसले गर्वका साथ विश्वको सबैभन्दा ठूलो दूध उत्पादकको उपाधि राखेको छ। वार्षिक २३९ मिलियन टन दूधको प्रभावशाली उत्पादनको साथ, भारतले अब विश्वव्यापी दूध उत्पादनको एक चौथाई योगदान गर्दछ। दूध उत्पादनमा भारतको अग्रणी राज्यहरू मध्ये, गुजरात अग्लो छ। देशको कुल उत्पादनमा ७.५% योगदान गर्दै, गुजरातले आज वार्षिक १ करोड ८० लाख टन भन्दा बढी दूध उत्पादन गर्दछ। हामीसँग एउटा रिपोर्ट छ:-

****** ० ******

## पाकिस्तान-बीएलए

पाकिस्तानमा बलूच लिबरेशन आर्मी-बीएलएले बलूचिस्तान प्रांतको सूरब शहरलाई पूर्ण रूपले आफ्नो कब्जामा लिएको छ। अब यस शहरको सैन्य, प्रशासनिक र आर्थिक ढांचामाथि बलूच लिबरेशन आर्मीको नियंत्रण कायम भएको छ। बीएलएका प्रवक्ता जियांद बलोचले बताएका छन् कि तीन घण्टा सम्म पाकिस्तानी सित चलेको संघर्ष पछि बलूच लड़ाकाहरूले पाकिस्तानी

अर्धसैनिक बलहरूको चौकिहरू, थानाहरू , उपायुक्त कार्यालय, अतिथि-गृह र बैंक आदिलाई आफ्नो नियंत्रणमा लिएको छ अनि क्वेटा-कराची तथा सूरब-गिदर मुख्य राजमार्गहरूमा आफ्नो जांच चौकिहरू स्थापित गरेको छ।बलूचिस्तानका मानिसहरू पाकिस्तानको सरकार, पाकिस्तानी सेनाको आतंक र अत्याचारले त्रस्त भएर आज़ादीका लागि संघर्ष गरिरहेका छन्। बलूचिस्तानको मानवाधिकार संगठन बलूचिस्तानमा पाकिस्तानी सेनाको नरसंहार र दमनको मुद्दा घरि-घरि उठाउंदै आएका छन्।

**नाइजेरिया बाढी**

नाइजेरियाको उत्तर-मध्य राज्य नाइजरको एक शहरमा विनाशकारी बाढीबाट मृत्यु हुनेको संख्या कम्तिमा १५१ पुगेको छ। स्रोतहरूका अनुसार, बिहीबार बिहानै परेको वर्षाले अबुजाबाट लगभग ३८० किलोमिटर पश्चिममा रहेको मोक्वामा विनाशकारी बाढी आएको थियो।

****** ० ******

**अमेरिका-ताइवान-चीन**

अमेरिकी रक्षा मंत्री पीट हेगसेथले चेतावनी दिन्दै भनेका छन् कि आउने समयमा ताइवानलाई चीन सित ठूलो खतरा छ। सिंगापुरमा चलिरहेको शांगरी-ला डायलॉगमा हेगसेथले भन्नु भयो कि चीन एशियाको कैयन भागहरूमाथि आफ्नो विस्तर गर्ने कुचेष्टा गरि रहेको छ साथै ती क्षेत्रहरूमाथि कब्जा गर्ने कोशिश गरि रहेको छ। उहाँले दाबी गर्दै भन्नु भयो कि चीनको उद्देश्य वर्ष 2027 सम्म ताइवानमाथि कब्जा गर्नु रहेको छ। अमेरिकी रक्षा मंत्रीले एशियाली देशहरूसित रक्षा खर्च बढ़ाउने अनि चीनसितको सम्भावित युद्धलाई रोकनका लागि अमेरिका सित मिलेर काम गर्नु पर्ने आग्रह गरे। उहाँले दाबी गर्दै भन्नु भयो कि बीजिंगले एशियामा शक्ति संतुलनलाई बिथोल्ने अनि आफ्नो सैन्य बलको उपयोग गरि कतिपय क्षेत्रहरूमाथि कब्जा गर्ने तयारी गरि रहेको छ। हेगसेथले अझ भन्नु भयो कि चीन केवल आफ्नो सैन्य क्षमताको विकास र निर्माण मात्रै गरि रहेको छैन तर उसले ताइवान विरूद्ध वास्तविक कारवाही गर्ने प्रशिक्षण पनि आफ्नो सैनिकहरूलाई दी रहेको छ। उहाँले यो पनि स्पष्ट गर्नु भयो अमेरिकाले चीन माथि धाक जमाउने प्रयास गरेको छैन न त चीन सित कुनै संघर्ष नै चाहन्छ।जवाखमा, चीनले अमेरिका माथि क्षेत्रीय शांतिलाई बिथोल्ने प्रयास गरिरहेको आरोप लगाएको छ। फेसबुकमा गरिएको एक पोस्टमा सिंगापुरमा रहेका चीनी दूतावासले हेगसेथको टिप्पणीलाई भड़काउने बताएको छ। चीनी दूतावासले भनेको छ - अमेरिकाले अब दुनियालाई सब भन्दा बढी अनिश्चितता दी रहेको छ। ताइवान एक स्वशासित द्वीप हो, जसमाथि चीनले आफ्नो दावी गर्दै आएको छ। उल्लेखनीय छ कि चीनले ताइवानमाथि कब्जा गर्न सैनिक कारवाही गर्ने कुरालाई अस्वीकार गरेको छैन।

**सोनोवाल-भ्रमण**

बन्दरगाह, नौवहन तथा जलमार्ग मन्त्री सर्वानन्द सोनोवाल सोमबार नर्वे र डेनमार्कको पाँच दिने आधिकारिक भ्रमणमा प्रस्थान गर्नुहुनेछ । नर्वे भ्रमणको क्रममा, मन्त्रीले ओस्लोमा हुने ६० औं संस्करणको नोर-शिपिङ कार्यक्रममा महासागर सम्बन्धी उच्चस्तरीय बैठकलाई सम्बोधन गर्नुहुनेछ र पहिलो 'भारत मंडप' को उद्घाटन गर्नुहुनेछ ।

****** ० ******

**जम्मू-कश्मीर-ल्याभेन्डर महोत्सव**

आज जम्मू-कश्मीरको डोडा जिल्लाको भदरवाहमा तेस्रो ल्याभेन्डर महोत्सव शुरू हुन गईरहेछ। केन्द्रीय मन्त्री डा. जितेन्द्र सिंहले दुई दिने कार्यक्रमको उद्घाटन गर्नुहुनेछ। जम्मूको CSIR इन्डियन इन्स्टिच्युट अफ इन्टिग्रेटिभ मेडिसिन (IIIM) द्वारा आयोजित यस महोत्सवले कृषि स्टार्टअप एक्स्पो पनि आयोजना गर्नेछ, जसले ल्याभेन्डरसँग सम्बन्धित मूल्य अभिवृद्धि उत्पादनहरू र प्रविधिहरूमा आविष्कारहरू प्रदर्शन गर्नेछ।

****** ० ******

**हमास-युद्ध विराम**

हमासले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रंपको मध्य-पूर्व मामिलाका विशेष दूत स्टीव विटकॉफले प्रस्तुत गरेको युद्ध विराम प्रस्ताव बारेमा प्रतिक्रिया दिएका छन्।

**पूर्वोत्तर-बारिश**

देशको छ उत्तर-पूर्वी राज्यहरुमा पछिल्लो दुई दिनमा मूसलधारे बर्षाले जन-जीवन प्रभावित बनेको छ।